नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरबार,

काठमाडौं, नेपाल ।

## प्रेस विज्ञप्ती

मिति २०७५।०४।१० गते दिउसो १४:१५ बजे देखि हराईरहेकी कन्चनपुर जिल्ला भिमदत्त नगरपालिका वडा नं. २ खोल्टी बस्ने यज्ञराज पन्तकी १३ बर्षिया छोरी निर्मला पन्तको शव २०७५।०४।११ गते विहान ०९:०० बजे ऐ.नगरपालिका वडा नं.१८ निम्बुखेडा स्थित उखुबारीमा फेला परेको र निज उपर जवरजस्ती करणी पश्चात हत्या गरिएको भन्ने घटना सम्बन्धमा प्राप्त प्रतिवेदन समेतको आधारमा प्रारम्भिक अनुसन्धानमा चरम लापरबाही गरेको, पिडितका आफन्त र सरोकारवालाहरुबाट प्राप्त गुनासोको उचित संबोधन गर्न नसकेको, प्रमाण लोप पारेको तथा त्यस घटनामा सम्बन्धित जिल्ला प्रहरी प्रमुख समेतको सन्दिग्ध भुमिका रहेको भन्ने समेतका आधारमा जि.प्र.का.कन्चनपुरका तत्कालीन प्रमुख प्रहरी उपरीक्षक दिल्लिराज बिष्ट लाई मिति २०७५।०५।१० गते र वडा प्रहरी कार्यालय महेन्द्रनगरका तत्कालीन प्रहरी निरीक्षक जगदिश प्रसाद भट्टलाई मिति २०७५।०५।३१ मा निलम्बन गरिएको ।

प्रहरी महानिरीक्षक समेतको टोलीले स्थलगत अध्ययन गर्दा सो घटनामा सम्बद्ध प्रहरी कर्मचारीबाट चरम लापरवाही, गैर व्यवसायीक र गैर जिम्मेवारपुर्ण व्यबहार गरी पालना गर्नु पर्ने अनुसन्धानका सामान्य कानूनी व्यवस्था समेत पालना नभएको तथ्य फेला परेको तथा तत्काल प्रहरी बाट अनिवार्य रुपमा गर्नु पर्ने खोजतलास तथा अनुसन्धानमा चरम लापरबाही गरिएको, बलात्कार र हत्या घटना सँग सम्बन्धित प्रमाण लाग्न सक्ने वस्तु र भित्री बस्त्रहरु पानीमा चोपलेको, गुप्ताङ्ग र तिघ्रा पखालेको तथा उक्त बस्त्र नै लोप भएको, तत्काल नेपालमै नरहेका मृतकको बाबुको दस्तखत गराईएको, मृतकको शव अन्त्यष्टी गर्न पिडित परिवारलाई अनावश्यक प्रभाव, दवाव र धम्की दिएको, त्यसै क्रममा गरिएको सुरक्षा कारबाहीको सिलसिलामा "Gradual Response and Use of Minimum Force" को सिद्धान्त नअपनाईएको र प्रहरीकै ब्यवहार र कार्यशैलीका कारण आम नागरीक तथा पिडित परिवारका सदस्यहरु प्रहरीको काम कारबाहीप्रति बिश्वस्त हुन नसकेको भन्ने जस्ता बिभिन्न गम्भिर कसूर तथा लापरबाही गरेका तत्काल जिल्ला प्रहरी कार्यालय कन्चनपुर प्रमुख

नेपाल सरकार

# गृह मन्त्रालय

नेपाल सरकार
गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

प्रहरी उपरीक्षक दिल्लिराज बिष्ट र तत्काल वडा प्रहरी कार्यालय महेन्द्रनगर कन्चनपुरका प्रमुख प्रहरी निरीक्षक जगदिश प्रसाद भट्टलाई अव सेवामा राखिरहन उचित नदेखिएको हुँदा प्रहरी नियमावली,२०७१ बमोजिम सेवाबाट हटाउने तर्फ आवश्यक कारबाहीको लागि प्रहरी प्रधान कार्यालयको मिति २०७५।०६।२९ को पत्र मार्फत अनुरोध भई आएको ।

सोही आधारमा निज प्रहरी उपरीक्षक दिल्लीराज विष्ट र प्रहरी निरीक्षक जगदिश प्रसाद भट्टलाई मिति २०७५।०७।०४ मा सफाई पेश गर्ने मौका दिईएकोमा निजहरुले पेश गरेको लिखित जवाफ चित्त बुझ्दो नभएको हुँदा निजहरुलाई पुनः प्रहरी नियमावली, २०७१ को नियम ११३ को उपनियम १ को देहाय (क) को कसूरमा ऐ. नियमावलीको नियम १०९ को खण्ड (ख) १ बमोजिम सेवा बाट हटाउने कारबाही किन नगर्ने? भनी मिति २०७५।०७।०७ मा स्पष्टिकरण पेश गर्न लेखिएकोमा निजहरुले मिति २०७५।०७।०८ मा पेश गरेको स्पष्टिकरणको लिखित जवाफ समेत चित्त बुझ्दो नभएको पाईएको हुँदा प्रहरी उपरीक्षक दिल्लीराज विष्ट र प्रहरी निरीक्षक जगदिश प्रसाद भट्टलाई प्रहरी नियमावली, २०७१ को नियम ११३ को उपनियम १ को देहाय (क) को कसूरमा ऐ. नियमावलीको नियम १०९ को खण्ड (ख) १ बमोजिम भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरी मिति २०७५/०७/०८ गते निर्णय भएको व्यहोरा जानकारी गराइएको छ ।

मितिः२०७५/०७/०८

रामकृष्ण सुवेदी
प्रवक्ता/सहसचिव